


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ४ गते मंगलबार ❑ 18 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## प्रदेश नं २ को नाम 'मधेस' राजधानी 'जनकपुरधाम'

**रासस**
**काठमाडौं, ३ माघ**

प्रदेशसभा गठन भएको करिब ४ वर्षपछि बल्ल प्रदेश नं २ ले आफ्नो नाम र स्थायी राजधानी पाएको छ।

प्रदेशसभाले सोमबार मतदान प्रक्रियाबाट प्रदेशको नाम र स्थायी राजधानी टुङ्गो लगाएको हो । प्रदेशसभाका दुई तिहाइ बहुमत प्रदेशसभा सदस्यहरूले प्रदेशको नाम मधेस प्रदेश र स्थायी राजधानी जनकपुरधामलाई कायम गरेको छ । सत्तारूढ दल जनता समाजवादी पार्टी, नेकपा (माओवादी केन्द्र) र प्रमुख प्रतिपक्षी लाकतान्त्रिक समाजवादी पार्टीको संयुक्त प्रस्ताव मधेस प्रदेशका लागि भएको मतदानमा ८० जना प्रदेशसभा सदस्यहरूले मतदान गरेका थिए । उक्त सङ्ख्या प्रदेशसभामा उपस्थिति ९९ प्रदेशसभा सदस्यमध्ये दुई तिहाइ बढी मत भएको भन्दै मधेस प्रदेशको प्रस्ताव पारित भएको सभामुख सरोजकुमार यादवले घोषणा गर्नुभयो । जसपाका शैलेन्द्रकुमार यादव र माओवादी केन्द्रका भरतप्रसाद साह प्रस्तावक रहेको मधेस प्रदेशसम्बन्धी प्रस्ताव पारित भएपछि प्रदेशको नामसम्बन्धी अन्य प्रस्तावहरू स्वतः निष्क्रिय भएको सभामुख यादवले घोषणा गर्नुभयो ।

हाल प्रदेश नं २ को प्रदेशसभामा १०४ जना सांसद रहेकामा कुनै पनि प्रस्ताव पारित हुन दुई तिहाइ अर्थात् ७० मत आवश्यक पर्छ । प्रदेश नं २ का नामका लागि मधेस प्रदेशसँगै जानकी प्रदेश, मिथिला भोजपुरा र मध्य मधेस प्रदेश प्रस्ताव दर्ता गरिएको थियो । यस्तै, प्रदेशको राजधानी जनकपुरधाम कायम हुने प्रस्ताव दुई तिहाइ बहुमतले पारित गरेको थियो । प्रदेशसभामा सोमबार भएको जनकपुरधाम राजधानी हुनुपर्ने सबै दलको संयुक्त प्रस्ताव दुई तिहाइ बढी मतले पारित भएको थियो । हाल कायम रहेको १०४ प्रदेशसभा सदस्यमध्ये ९९ मत खसेको थियो । जसमा ७८ मत जनकपुरधाम राजधानी हुनुपर्ने प्रस्तावको पक्षमा खसेको र उक्त सङ्ख्या दुई तिहाइभन्दा बढी भएकाले जनकपुरधाम राजधानी कायम भएको सभामुख यादवले घोषणा गर्नुभएको थियो ।

जनकपुरधाम राजधानी हुनुपर्ने प्रस्तावमा उत्तरमा धनुषा ढल्केवरको पूर्वपश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपाल-भारत सीमा र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा क्षेत्र रहेको उल्लेख छ । दोस्रो पटकको प्रयासमा प्रदेशको नाम र राजधानीको टुङ्गो लागेको हो । यसअघि २०७६ साल चैत ३ मा मतदान हुँदा पनि नाम र राजधानी तोकिन सकेको थिएन । दुवै प्रस्तावमा दुई तिहाइ मत नपुगेपछि नाम र स्थायी राजधानीको प्रस्ताव असफल भएको थियो ।

लामो समयको संवाद र बहसपछि प्रदेशको नाम र राजधानी टुङ्गो लागेपछि प्रदेशसभा सदस्यहरूले खुसियाली मनाएका छन् । प्रदेशसभामा प्रदेशको नाम र राजधानीको घोषणा गरिरहँदा बैठकमा उपस्थित प्रदेशसभा सदस्यहरूले बैठक हलमै खुसियाली मनाएका हुन् । प्रदेशसभा सदस्यहरूले बैठक हलभित्रै खुसियालीमा नाराबाजीसमेत गरेका छन् । आफूले पाएको महत्वपूर्ण जिम्मेवारी पूरा भएकामा हर्षित बनेका प्रदेशसभा सदस्यहरूले ढिलै भए पनि मधेस र मधेसी जनताको पक्षमा निर्णय आएको भन्दै एक-अर्कालाई बधाईसमेत ज्ञापन गरेका छन् ।

"प्रदेशको नाम र राजधानी टुङ्गो लगाउन नसक्दा चारैतिर हाम्रो आलोचना भइरहेको थियो," प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले भन्नुभयो, "आज त्यो अभिभारा पूरा भएकामा खुसी लागेको छ, आज मधेस आन्दोलनको भावना, मधेसीको चाहनाअनुसारको उपलब्धि हासिल भएको महसुस गरेका छौँ ।" यो दुवै प्रस्ताव पारित गर्न सहयोग गर्ने सबै प्रदेशसभा सदस्यहरूलाई उहाँले धन्यवादसमेत ज्ञापन गर्नुभयो ।



पौष शुक्ल पूर्णिमा अर्थात श्री स्वस्थानी ब्रत आरम्भ भएको पहिलो दिन सोमवार पोखरा महानगरपालिका वडा नं १२/१३ स्थित शक्तिपिठ भद्रकाली मन्दिरको प्राङ्गणमा सन्धाकालिन महाआरती कार्यक्रम सम्पन्न भयो । १ महिनापछि पुनः माघ शुक्ल पूर्णिमा अर्थात श्री स्वस्थानी ब्रत साङ्गेका दिन महाआरती गरिने मन्दिरका सचिव शान्तकुमार श्रेष्ठले जानकारी दिए । फोटोः पोखरापत्र

## छ हजार ७३४ संक्रमित थपिए

**रासस**
**काठमाडौं, ३ माघ**

देशभर पछिल्लो २४ घण्टामा थप छ हजार ७३४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १७ हजार ४६५ जनाको नमूना परीक्षण गरिएको थियो ।

१४ हजार १४ जनाले पीसीआर र तीन हजार ४५१ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा ५४७ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या आठ लाख १६ हजार ९८५ पुगेको छ । यो दर ९५ दशमलव एक प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ५९ हजार ४८५ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख दुई हजार ४५५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५० लाख १८ हजार २४८ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ९१ हजार ४६ पुगेको छ । कूलमा सङ्क्रमण दर १७ दशमलव एक प्रतिशत छ ।

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा एक लाख ४३ हजार ३६० रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३० हजार ८७७ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६२३ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ । प्रतिशत १० लाख जनसङ्ख्यामा मृत्युदर ३८२ दशमलव छ रहेको छ । हाल भेन्टेलेटरमा रहनेको सङ्ख्या जम्मा २६ र आइसियूमा १३९ रहेको छ । होम आइसोलेशनमा २९ हजार ७०५, संस्थागत आइसोलेशनमा एक हजार १७२ र क्वारेन्टिनमा १०० जना रहेका छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवान, कास्की, रुपन्देही र कैलाली रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा झापा, धनुषा, पर्सा, मकवानपुर, काभ्रेपलाञ्चोक, नवलपरासी पूर्व, बाँके र दाङ छन् । शून्य सङ्क्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा १३ हजार ९८६, ललितपुर तीन हजार ५५५ र भक्तपुरमा एक हजार ८४६ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## थापाको नेतृत्वमा काँग्रेस स्याङ्जाको पहिलो बैंठक

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ३ माघ**

नेपाली काँग्रेस स्याङ्जाको १४ औं जिल्ला अधिबेशनबाट सभापतिमा निर्वाचित संविधानसभा सदस्य राजु थापाको नेतृत्वमा जिल्ला समितिको पहिलो बैंठक सम्पन्न भएको छ।

काँग्रेस पार्टीमा सम्पन्न बैंठकले महत्वपूर्ण ६ वटा निर्णय गरेको छ । बैंठकको पहिलो निर्णय निर्वतमान कार्यसमिति र निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गरेको छ । दोस्रो निर्णय भने पार्टीका बैंठकहरुलाई नियमित बनाउने निर्णय भएको काँग्रेस स्याङ्जाका सभापति राजु थापाले जानकारी दिए । सभापति थापाले दिएको जानकारी अनुसार जिल्ला कार्यसमितिको बैंठक प्रत्येक महिनाको ३ गते, क्षेत्रिय कार्यसमितिको ८ गते, प्रदेश कार्यसमितिको १३ गते, पालिकाहरुको १८ गते र वडा कार्यसमितिको बैंठक २३ गते गर्ने निर्णय भएको छ । थापाको नेतृत्वको कार्यसमितिले जिल्लाभर प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरेको छ । काँग्रेस स्याङ्जाका नेता तथा महाधिबेशन प्रतिनिधि भरतप्रसाद लम्सालले दिएको जानकारी अनुसार पार्टी विधानको परिच्छेद १२ को दफा ६५ अनुसार सभापतिमा प्रतिस्पर्धी प्रदेश सांसद काँग्रेस नेता भागवतप्रकाश मल्ललाई जिल्ला कार्यसमितिको सदस्य बनाईएको छ । पार्टीको संगठन सुधिणीकरण गर्दै जिल्लाभर नेपाली काँग्रेस संगठन विस्तार प्राथमिकतामा राख्ने समेत भएको छ । बैंठकले जिल्ला सदरमुकाम पुतलीबजारमा रहेको जिल्ला पार्टी कार्यालय मर्मत र थप संरचना समेत बनाउने भएको नेता लम्सालले जानकारी दिए । विगत लामो समयदेखि अव्यवस्थित बन्दै आएको काँग्रेसको लेबि संकलन कार्यलाई व्यवस्थित बनाउन आन्तरिक तयारी थालेको छ । जिल्लास्थित सबै राजनीतिक दलसँग आपसी सहकार्य गर्दै जान भनेको काँग्रेस स्याङ्जाले सरकारी तथा गैरसरकारी संस्थासँग हातेमालो गर्दै जनसेवामा लाग्ने लक्ष्य लिएको छ ।

## कोभिड-१९ बाट जोगिन सचेतना आवश्यक छ : प्रम देउवा

**रासस**
**काठमाडौं, ३ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९को सङ्क्रमणबाट जोगिन कोभिड-१९ विरुद्धको खोप र स्वास्थ्यका मापदण्ड पालनाका साथै सचेतना पनि आवश्यक रहेको बताउनुभएको छ । उहाँले कोभिड-१९ को नयाँ भेरियन्टले हाल जनस्वास्थ्यमा समस्या उत्पन्न गरेको उल्लेख गर्दै यसबाट बच्न कोभिड-

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पश्चिमाञ्चल क्याम्पसको वैज्ञानिक कार्यशाला गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

पश्चिमाञ्चल क्याम्पस पोखरामा मंगलबारबाट शुरु भएको ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम विषयको ४ दिने वैज्ञानिक कार्यशाला तथा तालिम राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका वैज्ञानिकहरुको कार्यपत्र प्रस्तुतिका साथ सम्पन्न भएको छ।



समापन समारोहमा प्रमुख अतिथी गण्डकी प्रदेश शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव बिनोद बहादुर कुँवरले शैक्षिक संस्थाहरुसंग सहकार्य गरेर दिगो प्रविधि र अनुसन्धानमुलक क्रियाकलापहरु अघि बढाउन सकिने धारणा व्यक्त गर्दै राष्ट्रिय प्राथमिकताका आधारमा अनुसन्धानात्मक क्रियाकलापहरु अगाडि बढाउनु पर्ने आवश्यकता औल्याए । कार्यक्रमका विशिष्ट अतिथि नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले अनुसन्धान बिना राष्ट्रिय विकासको लक्ष्यहरु पहिल्याउन नसकिने भएकोले शैक्षिक संस्था एंव अनुसन्धान कर्ताहरुलाई सेवा, सुविधा र तालिमहरु मार्फत प्रोत्साहन गरिनु पर्ने र शिक्षालाई जीवन उपयोगी बनाउनु पर्ने वताए । अन्तरिक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्रका निर्देशक सह प्रा.डा. कृष्णप्रसाद भण्डारीले केन्द्र मार्फत विभिन्न आयोजनाहरुमा काम गर्ने अवसर प्रदान गरी विधार्थीहरुको ज्ञान र सिपलाई अनुसन्धानमुलक क्रियाकलापहरु मार्फत अगाडि बढाइने बताउँदै आगामी वर्ष पोखरा जि एन एस एस वैज्ञानिक कार्यशाला तालिम सम्पन्न गरिने जानकारी दिएका थिए । विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरको आर्थिक सहयोग र अन्तरीक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्र, इन्जिनियरिङ्ग अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस पोखराको संयोजन तथा भौगोलिक सूचना विज्ञान अध्ययन केन्द्र टोक्यो विश्वविद्यालय जापान एवं युनाइटेड नेशन अर्न्तगत ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम सम्बन्धी अन्तराष्ट्रिय समितीको सह-संयोजनमा उक्त वैज्ञानिक कार्यशाला गोष्ठी तथा तालिम कार्यक्रम सम्पन्न भएको हो ।

क्याम्पस प्रमुख निर्मल प्रसाद बरालले बहुआयामिक शिक्षा र आयोजनाहरुको दिगो विकास एंव भौतिक सुधारका विभिन्न पक्षहरु माथी प्रकाश पार्नु हुँदै जि एन एस एस प्रविधि र उपकरणहरुको प्रयोगद्धारा व्यवहारिक अनुसन्धानलाई अगाडी बढाउन सकिने विचार व्यक्त गरेका थिए । तालिममा सहभागीहरुको तर्फबाट केशवराज भुषालले तालिम कार्यक्रम अध्ययन अनुसन्धान क्रियाकलापहरुलाई अगाडी बढाउन अत्यन्त फलदायी भएको विचार व्यक्त गरे । भर्चुअल कार्यक्रमका सहजकर्ता टोक्यो विश्वविद्यालयका प्रा.डा. दिनेश मानन्धर, युनाइटेड नेशन अर्न्तगतका अन्तराष्ट्रिय समितिका सदस्य सराफात ग्याडोनी एंव अन्तरीक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्रका निर्देशक सह प्रा.डा. कृष्णप्रसाद भण्डारीले सह आयोजक संस्था तथा सहयोगी संस्था विश्वविद्यालय अनुदान आयोग नेपाल प्रति धन्यवाद व्यक्त गरेका थिए ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विद्यालय नाटक महोत्सवमा १२ नाटक छनोट ,नाटक मञ्चन हुने मिति पछाडि सर्‍यो

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

पोखरा थिएटरले आयोजना गरेको दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सवमा अन्तिम चरणको लागि १२ नाटक छनोट भएका छन् ।

महोत्सवको लागि प्राप्त कुल २४ नाटक मध्येबाट पहिलो चरणमा १६ नाटक छनोट गरिएको थियो । छनोट भएका १६ नाटकबाट अन्तिम चरणको लागि १२ नाटक छनोट गरिएको महोत्सव संयोजक समेत रहनुभएका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो । 'नाटक छनोटका लागि पौष २६ गतेबाट माघ २ गतेसम्म विभिन्न जिल्लामा गएर अवलोकन गरिएको थियो । यस अगाडि अन्तिम चरणमा १० नाटक छनोट गर्ने भनिएपनि नाटकको प्रस्तुतीका आधारमा थप २ नाटकलाई प्रोत्साहन स्वरुप छनोट गरिएको हो' उहाँले भन्नुभयो ।

नाटक छनोटका लागि वरिष्ठ कलाकार प्रकाश घिमिरेको संयोजकत्वमा तीन सदस्यीय निर्णायक समिति बनाइएको थियो । जसको सदस्यमा निर्देशक तथा कलाकार माओत्से गुरुङ र कलाकार प्रमिला तुलाचन रहनुभएको छ । उहाँहरुले सम्बन्धित ठाउँमा पुगेर नाटकको अवलोकन गरेर उत्कृष्ट १२ छनोट



गर्नुभएको हो । अन्तिम चरणको लागि नवलपुर जिल्लाबाट सबैभन्दा धेरै तीन नाटक छनोटमा परेका छन् । जसमा लिलाबहादुर भण्डारीको लेखन तथा निर्देशनमा कुमारी प्रा.वि.को हराएको खुशी, खगराज सापकोटाको लेखन तथा निर्देशनमा त्रिभुवन बाल माध्यमिक विद्यालयको जिम्मेवार को ? र अनामिका सापकोटाको लेखन तथा कमला कँडेलको निर्देशनमा बरचुली माध्यमिक विद्यालयको सक्षम छात्रा शिर्षकको नाटक रहेका छन् । कास्की जिल्लाबाट दुई नाटक छनोटमा परेका छन् । जसमा मनोज अधिकारीको लेखन तथा सोनिया कार्की खत्रीको निर्देशनमा भानुभक्त आवसीय माध्यमिक विद्यालयको शान्तिको अशान्ति शिर्षकको नाटक र सुनिता ज्ञवालीको लेखन तथा निर्देशनमा धर्मस्थली आधारभूत विद्यालयको आरोह अवरोह शिर्षकको नाटक रहेका छन् । लमजुङ जिल्लाबाट दुईवटा नाटक छनोट भएका छन् । जसमा भरत रानाको लेखन तथा निर्देशनमा युनिभर्सल एकेडेमीको धनवहादुर शिर्षकको नाटक र सुर्य बहादुर के.सी.को लेखन तथा पशूपति न्यौपानेको निर्देशनमा विद्याज्योति माध्यमिक विद्यालय सुन्दरबजारको जीउँदालाशहरु शिर्षकको नाटक रहेका छन् । तनहुँ जिल्लाबाट टुकादेवी पौडेलको लेखन तथा निर्देशनमा पञ्चमुनिदेव माध्यमिक विद्यालयको नाम बिनाको चिर्कटो छनोट भएको छ ।

यसैगरी गोरखाबाट अनिता देसाईको लेखन तथा सुरेन्द्र देवकोटा नाट्य रुपान्तरण एवं निर्देशनमा शक्ती माध्यमिक विद्यालयको एक समर्पित छोरा शिर्षकको नाटक अन्तिम छनोटमा पर्न सफल भएको छ । म्याग्दी जिल्लाबाट बेनी सामुदायिक माध्यमिक विद्यालयको बाल विवाह शिर्षकको नाटक छनोट भएको छ । कर्ण बस्यालले लेखेको यस नाटकलाई रामचन्द्र पौड्यालले निर्देशन गर्नु भएको छ । बाग्लुङ जिल्लाबाट कालीगण्डकी आवासीय माध्यमिक विद्यालयको विदेशिनु पर्दाको पिडा शिर्षकको नाटक छनोट भएको छ । जीवननाथ शर्मा रेग्मीको लेखन तथा अर्जुन थापाको निर्देशनमा यो नाटक तयार भएको छ । यस्तै पर्वत जिल्लाबाट न्यु होराइजन आवासीय माध्यमिक विद्यालयको मेरो समाजमा नारी शिर्षकको नाटक छनोटमा परेको छ । मिना रेग्मीको लेखन रहेको नाटकलाई रेजिना मल्लले निर्देशन गर्नुभएको छ । छनोट भएका नाटक मञ्चन हुने मिति भने पछाडि सरेको छ ।

यसअगाडि माघ ११ गतेदेखि १५ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन गरिने भनिएकोमा कोरोना संक्रमण पुनः बढेकोले सारिएको हो । परिस्थिती सहज हुने वित्तिकै नयाँ मिति तय हुने आयोजक पोखरा थिएटरले जनाएको छ । 'विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल मन्त्रका साथ आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रमुख सहकार्य एंव नेपाल सङ्गीततथा नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाण्डौं र पोखरा प्रज्ञा-प्रतिष्ठानपोखराले सहकार्य गरेका छन् । गएको वर्षदेखि पोखरा थिएटरले गण्डकी प्रदेशस्तरिय विद्यालय नाटक महोत्सवको आयोजन गर्न थालेको हो । त्यसभन्दा अगाडि थिएटरले पोखरा महानगरपालिका स्तरिय नाटक महोत्सव समेत आयोजना गरेको थियो ।



गुन्द्री बुन्दै : पोखरा महानगरपालिका-२८, बिमिरापानीमा गुन्द्री बुन्दै स्थानीय शुभद्रादेवी बराल । बजारमा प्लास्टिकका गुन्द्री सहज पाइन थालेपछि परालबाट गुन्द्री बुन्ने चलन बिस्तारै लोप हुँदै गएको छ । तस्वीर : जमुनावर्षा शर्मा/रासस

# मनाङ, मुस्ताङ र कास्कीले शतप्रतिशतलाई खोप

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

महाशाखाका निर्देशक डा लालका अनुसार मनाङ, मुस्ताङ र कास्कीले जिल्लाले पूर्ण मात्राको शतप्रतिशत नै खोप लगाइसकेका छन् भने बाजुरा जिल्लाले पहिलो मात्रा खोप लक्षित वर्गको शतप्रतिशतलाई खोप लगाइसकेको छ ।

गण्डकी प्रदेशमा नवलपरासी (पूर्व)ले बाहेक सबै जिल्लाले लक्ष्यअनुसार दुई तिहाइ जनसङ्ख्यालाई खोप लगाइसकेका छन् । प्रदेश नं १ का ताप्लेजुङले ६६.४ प्रतिशत, सङ्खुवासभाले ७७.६ प्रतिशत र ओखलढुङ्गाले ६९.८ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । प्रदेश नं २ का कुनै पनि जिल्लाले लक्ष्यअनुसारको पहिलो र पूर्ण मात्राको खोप लगाएका छैनन् । बागमती प्रदेशका धादिङ, नुवाकोट, सिन्धुली र मकवानपुरबाहेक सबै जिल्लाले पूर्ण मात्राको खोप लक्ष्यअनुसार दुई तिहाइ जनसङ्ख्यालाई लगाइसकेका छन् । उपत्यकाका काठमाडौं ९०.६ प्रतिशत, भक्तपुरमा ९२ प्रतिशत र ललितपुरले ८४.९ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्राको खोप दिइसकेको छ । यस्तै लुम्बिनी प्रदेशमध्ये रोल्पाले ६९.८ प्रतिशत, अर्घाखाँची ६६.६ प्रतिशत, पाल्पा ८०.२ प्रतिशत, रुपन्देही ७८.३ प्रतिशतले पूर्ण मात्राको खोप लगाई लक्ष्यअनुसार खोप लगाएका छन् ।

यस्तै कर्णाली प्रदेशको सुर्खेत जिल्लाले मात्र पूर्ण मात्रा ६५.३ प्रतिशत र सुदूरपश्चिमको बाजुरा जिल्लाले पूर्ण मात्रा ७४.९ प्रतिशत, दार्चुलाले पूर्ण मात्रा ६८.४ प्रतिशत, कञ्चनपुर जिल्लाले पूर्ण मात्रा ७०.९ प्रतिशत लगाएको छ ।

उहाँका अनुसार ३३ स्थानीय तहले लक्षित जनसङ्ख्याको शतप्रतिशतलाई पूर्ण मात्राको खोप लगाएका छन् ।

ओखलढुङ्गाका सिद्धिचरण नगरपालिका र खिजीडेम्बा गाउँपालिका, झापाको कन्काई नगरपालिका र विर्तामोड नगरपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिका र जिरी नगरपालिका, रसुवा गोसाइँकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिकाले शतप्रतिशतलाई खोप लगाइसकेका छन् । यस्तै काठमाडौँको कागेश्वरी मनहरा नगरपालिका, भक्तपुरका भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका, ललितपुरको महालक्ष्मी नगरपालिका, काभ्रेको धुलिखेल नगरपालिकाले लक्षित जनसङ्ख्याको शतप्रतिशत खोप लगाएका छन् । यस्तै मकवानपुरको हेटौँडा उपमहानगरपालिका, गोर्खाको गोरखा नगरपालिका र धार्चे गाउँपालिका तथा गण्डकी गाउँपालिका, मनाङको नामे र नासोङ गाउँपालिका, मुस्ताङका पाँचैवटा स्थानीय तहले पनि शतप्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका छन् । कास्की जिल्लाको पोखरा उपमहानगरपालिका, मादी र रुपा गाउँपालिका, तनहुँको व्यास नगरपालिका, स्याङ्जाको पुतलीबजार र भिरकोट नगरपालिका, बागलुङको ताराखोला गाउँपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले पनि लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ । यस्तै पहिलो मात्रा शतप्रतिशत लक्षित समूहलाई खोप लगाइसकेको बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकाले मात्र पूर्ण मात्राको खोप पनि शतप्रशितल लक्षित समूहलाई लगाइसकेको छ । बैतडीको पाटन नगरपालिकाले ९९.३ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ ।

## कोभिड...

१९ विरुद्धको खोप लगाउन, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न, भौतिक दूरी कायम गर्न, समय समयमा हात धुनेलगायतका सचेतनाको आवश्यकता औँल्याउनुभयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को आज यहाँ आयोजित नवौँ बैठकमा प्रधानमन्त्री देउवाले कोभिड-१९को सङ्क्रमण रोकथामबारे जनतामा सचेतना जगाउन मिडियाको महत्वपूर्ण भूमिका रहेको बताउँदै यसमा सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले कोभिड-१९ बाट जोगिने सचेतनाबारे देशभरि अभियान चलाउन सम्बन्धित निकायलाई निर्देशन दिँदै यसमा सहयोग गर्न सबै सङ्घसस्था तथा राजनीतिक दलहरुलाई आग्रह गर्नुभयो । उहाँले बालबालिकालाई पनि कोभिड-१९ विरुद्धको खोप लागाउनुपर्ने देखिएको भन्दै त्यसका लगि आवश्यक प्रबन्ध गर्न निर्देशन दिनुभयो । कोभिड-१९को नयाँ भेरियन्ट ओमिक्रोनको सङ्क्रमणबाट मृत्युदर कम भए पनि यो द्रूत गतिमा फैलिएकोप्रति सजग गराउँदै उहाँले भन्नुभयो, "खुला सिमानाबाट मानिसको आवतजावतले डरलाग्दो अवस्था आउन सक्छ, जनताको ज्यान जोगाउनु सरकारको पहिलो कर्तव्य हो, यसमा सबै लागौँ ।" सिमानामा कोभिड-१९ को पर्याप्त मात्रामा परीक्षण गर्न र आवश्यक मात्रामा होल्डिङ सेन्टर तत्काल स्थापना गर्नुपर्ने बताउँदै उहाँले जनताको जीवन रक्षाका लागि आवश्यक मात्रामा कोभिड-१९ विरुद्धको बुष्टर डोज तत्काल खरिद गरी सहजताका साथ मुलुकभर वितरण गर्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्री देउवाले केही महिनाअघि आएको बेमौसामी वर्षाले मुलुकभर भएको जनधनको क्षतिको आवश्यक राहत र क्षतिपूर्तिको काम हुन नसकेको बताउँदै त्यसमा ध्यान दिनसमेत सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

# लुम्बिनी विकास बैंकद्वारा सहारा एकेडेमीलाई २ लाख ४३ हजार आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

लुम्बिनी विकास बैंकले सहारा क्लबले पोखरा १७ दोविल्लामा सञ्चालन गरेको सुर्यबहादुर केसी स्मृती फुटबल एकेडेमीलाई २ लाख ४३ हजार रुपैया सहयोग गरेको छ ।

बैकका तर्फबाट सञ्चालक रामचन्द्र सिग्देल, बैंकका पोखरा न्यूरोड शाखाका शाखा प्रबन्धक बलबहादुर ढकाल, महेन्द्रपुल शाखा प्रवन्धक गोपिराज अधिकारी सहारा क्लबका अध्यक्ष हरिराम गुरुङ, क्लबका निवर्तमान अध्यक्ष केशवबहादुर थापा र पूर्व अध्यक्ष विक्रम थकाली लगायतलाई चेक हस्तान्तरण गरे ।

बैंकका सञ्चालक सिग्देलले सहारा एकेडेमीमा आश्रित बाल-बालिकाहरुलाई सहयोग गर्न




पाउनु खुसीको कुरा रहेको बताए । उनले सहाराले निकै राम्रो र प्रशंसनीय कार्य गर्दै आएकोले बताए । लुम्बिनी विकास बैंकले गरेको सहयोगका लागि आभार प्रकट गर्दै सहारा क्लबका अध्यक्ष गुरुङले सहयोग रकम एकेडेमीमा आश्रित बालकहरुको खाजा र खानाका लागि खर्च गरिने बताए । बैंकले आहा रारा गोल्डकपलाई लामो समय देखी बैंकले बैंकिङ पार्टनरका रुपमा सहयोग गर्दै आएको अध्यक्ष गुरुङले बताए ।

एकेडेमीमा हाल १५ जिल्लाका २४ कठिन एवं विपन्न परिस्थतिका बालकहरु रहेको क्लबको उपाध्यक्ष तथा एकेडेमीका संयोजक चित्रबहादुर पुनले जानकारी दिए । सहारा क्लब पोखराले उनीहरुको लालन पालन, शिक्षासँगै फुटबल प्रशिक्षण दिँदै आएको छ ।

क्लबले २०६१ सालदेखि एकेडेमी सञ्चालन गरिरहेको हो । लुम्बिनी बिकास बैंकले ७ वटै प्रदेशमा ७९ वटा शाखाहरु मार्फत २०७८ पौष मसान्त सम्ममा बैंकले ४२ अर्ब ३८ करोड निक्षेप संकलन गरि ३८ अर्ब ७३ करोड कर्जा लगानी गरेको छ । बैंकले 'निरन्तर सहयात्रा ' भन्ने नाराका साथ देशभरका ३१ वटा जिल्लामा ७९ शाखाहरु र १७ वटा एटिएमबाट करीब ३ लाख ८० हजार ग्राहकलाई सेवा दिदै आएको छ ।

लुम्बिनी विकास बैंक लिले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत सहारा क्लब पोखरा सहयोग रकम हस्तान्तरण गरेको बैंकका पोखरा न्यूरोड शाखाका शाखा प्रबन्धक बलबहादुर ढकालले जानकारी दिए ।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्र्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सम्र्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यस्तो हुन्छ जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

**सम्पादकीय**

# बल्ल नाम र राजधानी

प्रदेश सभाको कार्यकाल सकिन एक वर्ष बाँकी रहँदा बल्ल प्रदेश २ को नाम र राजधानी टुङ्गो लागेको छ । माघ ३ गते प्रदेश सभामा भएको गोप्य मतदान प्रक्रियाबाट नामाकरण र स्थायी राजधानी टुङ्गो लागेको छ । प्रदेशको राजधानी जनकपुर धाम तय भएको छ भने प्रदेशको नाम मधेस प्रदेश राखिएको छ । मधेस प्रदेशका लागि ९९ जनाले मतदान गरेका थिए त्यसमा ८० मत मधेस प्रदेशको पक्षमा खसेको थियो । त्यसमा मधेस प्रदेशको प्रस्तावक जनता समाजवादी पार्टी, माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टीको मात्र ६२ वटा मत रहेको थियो । त्यसमा काङ्ग्रेस, एकीकृत समाजवादी र एमालेको १८ वटा मत क्रस भएको देखिन्छ ।

काँग्रेस, नेकपा एमाले र नेकपा एकीकृत समाजवादी पार्टी संस्थागतरुपमा मधेस प्रदेशको विपक्षमा थिए । काँग्रेसले प्रदेशको नाम मिथिला भोजपुर हुनुपर्ने प्रस्ताव गरेको थियो । नेकपा एमाले र नेकपा एकीकृत समाजवादी पार्टीले जानकी प्रदेशको प्रस्ताव गरेको थियो । काङ्ग्रेस, नेकपा एस, नेकपा एमाले दलहरूबाट १८ वटा मत मधेस प्रदेशका लागि परेको छ । नेकपा एकीकृत समाजवादी पार्टी मधेस प्रदेश प्रदेशसभाका संसदीय दलका नेता शत्रुधन महतोले गोप्य मतदान भएको तथा ह्विप पनि नलगाइकाले परिणाम आएको आँकलन गरिएको छ ।

प्रदेशसभामा काँग्रेसको १९, नेकपा एकीकृत समाजवादी पार्टीको ११ र एमालेका ८ सहित ३६ मत थियो तीनै दलमध्येबाट नै १८ जनाले मधेस प्रदेशको पक्षमा मतदान गरेको परिणामले देखाएको छ।'गोप्य मतदान भएको कारणले नाममा दुई तिहाइ भन्दाबढी समर्थन गरेको हुनुपर्छ । प्रदेशसभाको दुई तिहाईभन्दा बढी मतले मधेस प्रदेश नाम तय भएको र त्यसलाई आफूहरुले पनि स्वीकार गरेको विपक्षी बताए । 'हाम्रो दलले तराई मधेशको धरोहर, विश्वमै परिचित जानकीको नामबाट प्रदेशको नाम राखौं भनेर प्रस्ताव गरेको थियो । तर बहुमत सदस्यले त्यसलाई अस्विकार गरेका छन्, बहुमतको मतलाई आफूहरूले पनि कदर गर्नुपर्छ,' उनले भने ।

त्यस्तै, नेपाली काँग्रेस प्रदेशसभाका संसदीय दलका नेता रामसरोज यादवले पनि आफूहरूको चाहना मिथिला भोजपुरा प्रदेश हुनुपर्ने भएको र आफूले त्यसैमा मतदान गरेको तर गोप्य मतदान भएको कारणले कुन सांसदले कहाँ मतदान गरे आफूलाई जानकारी नरहेको बताए । उनले भने, 'सम्मानित सदनले पारित गरेको प्रदेशको नामलाई हामी पनि स्वीकार गर्छौं । तर हामीले प्रस्ताव गरेको नाम प्रदेशको संस्कृति, भाषालाई पहिचान दिने खालको थियो तर त्यो बहुमतबाट अस्वीकार भयो ।'

प्रदेशसभामा १०४ जना प्रदेशसभा सदस्य छन् । प्रदेशको नामका लागि ७० जनाको समर्थन चाहिन्थ्यो । त्यसमा अहिलेसम्म मधेस प्रदेशको समर्थनमा ६२ जना सुरुदेखि नै थिए । आठजना प्रदेशसभा सदस्य भने कम थिए । तर अन्त्यमा मधेस प्रदेशको नाममा १८ जनाले जसपाको प्रस्तावलाई समर्थन गरेका छन् । प्रदेशसभामा जसपाको ३८, लोसपाको १६ र माओवादी केन्द्रको ८ जना प्रदेशसभा सदस्य रहेका छन् । एमालेको ८, काँग्रेसको १९, नेकपा एकीकृत समाजवादी पार्टीको १३, नेपाल संघीय समाजवादी पार्टीको १ जना प्रदेशसभा सदस्य रहेका थिए । पहिले पनि राजधानी र नाममा कसैको पनि दुई तिहाइ पुगेको थिएन । अहिले सत्तारुढ दल जसपाले दुई तिहाइ पुऱ्याउन सफल भएको छाढिलै भए पनि नाम र राजधानी तोक्न सफलता पाउनु नेतृत्वको चलाखी हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मन चञ्चल |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# किसानले गरे सम्झौता

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ माघ**

कृषि ज्ञान केन्द्र तनहुँले एक सय आठ लाभग्राही किसान छनोट गरेकोमा ६४ जनाले सामान खरिद गरी कार्यालयसँग सम्झौता गरेका छन् ।

कार्यालयले किसानको उत्पादन लागतमा कमी गराइ उत्पादनमा वृद्धि गराउने उद्देश्यले ५० प्रतिशत अनुदानमा कृषि सामग्री उपलब्ध गराएको हो । हाते ट्र्याक्टर ६२, कुटानीपिसानी २८, ग्रास कटर चार, पावर ट्रिलर तीन, मकै छोडाउने मेसिन दुई, खाडल खन्ने यन्त्र दुईलगायतका सामग्री किसानलाई अनुदानमा प्रदान गरिएको हो । सुरुमा किसानसँग निवेदन माग गरी कार्यालयबाट स्थलगत अनुगमन गरेपश्चात् अनुदान मूल्याङ्कन तथा सिफारिस समितिको संयोजकत्वको बैठकबाट सदर भएपछि किसानलाई सामग्री खरिद गर्न अनुमति प्रदान गरिनेछ । सुरुमा किसानले आफ्नो पूरै लगानीमा सामान खरिद गरेर ल्याएपछि कार्यालयले ५० प्रतिशत रकम किसानको खातामा पठाइदिने व्यवस्था रहेको छ । बाँकी रहेका अन्य किसानले पनि सामान खरिद प्रक्रियामा रही सम्झौता गर्न आउने तयारीमा रहेको कृषि प्रसार अधिकृत राजेश्वर सिलवालले जानकारी दिनुभयो । कृषियन्त्र तथा उपकरण कार्यक्रमको लागि रु ५६ लाख बजेट विनियोजन भएकोमा पहिलो चरणाको लागि रु ३८ लाख खर्च भई रु १८ लाख बचत भएकोले पुनः दोस्रो चरणको १५ दिने सूचना प्रकाशित गरिएको उहाँले बताउनुभयो । दोस्रो चरणको कार्यक्रममा जोतने मेसिनलाई प्राथमिकतामा राखिएको छ । उहाँले भनुभयो,"उक्त बजेटले धानेसम्म किसानलाई आवश्यक पर्ने सामग्री उपलब्ध गराइनेछ ।" किसानलाई अनुदानमा कृषियन्त्र तथा उपकरण कार्यक्रम अन्तर्गत कृषि सामग्री प्रदान गर्न थालेपछि व्यावसायिक तरकारी तथा फलफूलखेती तर्फ मानिसको आकर्षण बढ्न थालेको छ । जोत्ने मेसिन दिएपछि बाँझो जग्गा प्रयोगमा ल्याउने र उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बन्न सहज हुन्छ भन्ने उद्देश्यले मेसिन प्रदान गरिएको कार्यालय प्रमुख वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले जानकारी दिनुभयो ।

# मुनाल सहकारीको वार्षिकोत्सवको अवसरमा सिद्धवराह आश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**



पोखराको मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड आजबाट स्थापनाको चौधौं वर्षमा प्रवेश गरेको छ । सहकारीले चौधौं वार्षिकोत्सवको अवसरमा संस्थाले पोखराको पामेस्थित सिद्धवराह तपोवन

सन्यास आश्रममा अध्ययनरत बटुक विद्यार्थीहरूको लागि ४० हजार बराबरको १८ थान सिरक, बेड कभर लगायतका सामाग्रीहरु सहयोग गरेको हो ।

संस्थाका अध्यक्ष मगनलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको सहयोग हस्तान्तरण कार्यक्रममा सिद्धवराह तपोवन आश्रमका पिठाधीश स्वामी श्री निषेशानन्द महाराजले सहयोगी मनलाई धन्यवाद दिनुँहुँदै मुनाल सहकारीको यो सहयोगले आश्रममा अध्ययनरत बटुक विद्यार्थीहरूले न्यानो माया तथा स्नेह प्राप्त भएको भन्दै प्रशंसा गरेका थिए । संस्थाका निवर्तमान अध्यक्ष दुर्गाप्रसाद हुमागाईं तथा पूर्वअध्यक्ष तथा सल्लाहकार मेघनाथ काफ्लेले मुनाल सहकारीको चौधौं वर्ष प्रवेशको अवसरमा सामाजिक उत्तरदायित्व अन्तरगत यो सहयोग हस्तान्तरण कार्यक्रम गरेकोमा खुसी व्यक्त गर्दै वितिय सेवा सँगै यस किसिमका सामाजिक कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्ने बताएका थिए ।

वार्षिकोत्सवमा विभिन्न किसिमका सामाजिक कार्य गर्दै आइरहेको मुनाल सहकारीले यस वर्ष सिद्धबराह तपोवन सन्यास आश्रममा अध्ययनरत बटुक विद्यार्थीहरूको लागि आवश्यक न्यानो सिरक वितरण गरेको हो । यो सहयोगबाट त्यहाँ अध्ययनरत बटुक विद्यार्थीहरूलाई थोरै भएपनि राहत हुने संस्थाका अध्यक्ष मगनलाल श्रेष्ठले बताए । कार्यक्रममा संस्थाको तर्फबाट कार्यसमितिका सदस्य सुदर्शन न्हुच्छे प्रधान, डिलकुमारी पौडेल, सन्तोषकुमार घिमिरे, कालिप्रसाद मैनाली, व्यवस्थापक अम्बरबहादुर थापा र डम्बर कुमारी श्रेष्ठको उपस्थिति रहेको थियो । भने कार्यक्रमको संचालन सचिव नारायणबहादुर थापाले गरेका थिए । २०६५ माघ ३ गतेदेखि कारोबार सञ्चालन गरेको सहकारीको कास्की जिल्लाभरि कार्यक्षेत्र रहेको छ । सहकारीले पोखराको नयाँबजारस्थित आफ्नै भवनबाट आफ्ना सदस्यहरूलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

# वडाबाटै योजना सम्झौता

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ माघ**

शुक्लागण्डकी नगरपालिकाले वडामै पुगेर योजना सम्झौता गर्न थालेको छ । चालु आर्थिक वर्षमा समयमै योजना सम्पन्न गराउनलाई नगरपालिकाले वडा कार्यालयमै पुगेर योजनाको सम्झौता गर्न थालेको हो ।

पहिलोपटक नगरपालिकाका कर्मचारी शुक्लागण्डकी–१० को वडा कार्यालयमा पुगेर योजना सम्झौता गरेका छन् । प्रशासन शाखा, योजना शाखा, नगरका प्राविधिक र बैंकका प्रतिनिधि वडामै पुगेर योजना सम्झौता गरेका हुन् । वडावासीलाई योजना सम्झौता गर्न नगरपालिकाको केन्द्रमै धाउनुपर्ने परिपाटीको अन्त्य गर्न वडा कार्यालयमै पुगेर योजना सम्झौता गरेको नगरपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण लम्सालले बताउनुभयो । यसरी वडा कार्यालयबाट योजना सम्झौता हुँदा योजना कार्यन्वयनमा सहज हुने उहाँले बताउनुभयो । "नगरपालिकाको कार्यालयबाट नियमित योजना सम्झौता भइरहन्छ । यसपालि नगरपालिकामा वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका बनाएर काम गरिएको छ । पुस्तिकामा कुन योजना कहिलेसम्म सम्पन्न गर्ने भनेर तोकिएको छ । वडामै गएर योजना सम्झौता गर्दा हामीलाई पनि लक्ष्यअनुसार योजना सम्पन्न गर्नलाई सजिलो हुन्छ", उहाँले भन्नुभयो । वडावासीलाई नगरपालिकाको केन्द्रमा पुग्नपर्ने झन्झट पनि हट्ने लम्सालले बताउनुभयो ।

असारे विकासलाई रोक्न वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका तयार पारेर काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत लिलावल्लभ न्यौपानेले बताउनुभयो । "कुन योजना कहिले, कसरी, कहाँ, कसका लागि गर्ने भनेर पुस्तिकामा उल्लेख छ । योजनाबद्ध तरिकाले काम हुन्छ । कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाउँछ । पुँजीगत खर्चको गति पनि बढाउँछ । अर्थतन्त्रलाई चलायमान बनाउँछ । तोकिएकै मितिमा काम हुँदा प्रभावकारिता समेत बढ्छ", उहाँले भन्नुभयो । जनतालाई नगरपालिकाको कार्यालयको शाखामा र बैंकमा भौतारिँदा भोग्ने सास्ती हटाउनलाई वडामै गएर योजना सम्झौता गर्न थालेको उहाँले बताउनुभयो । नगरपालिकाको केन्द्र दुलेगौडाबाट टाढा पर्ने वडा नम्बर १, १०, ११ र १२ को वडा कार्यालयमै पुगेर योजना सम्झौता गरिने उहाँले जानकारी दिनुभयो । वडा कार्यालयमै योजना सम्झौता गर्न नगरपालिका आएपछि सेवाग्राहीलाई राहत मिलेको छ । शुक्लागण्डकी–१० मा एकैदिन १८ योजना सम्झौता भएको वडाध्यक्ष रामचन्द्र भण्डारीले जानकारी दिनुभयो ।

# ३१ वर्षीय जिसीलाई सहयोग गर्न परिवारको अपिल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

जीवन भरी खान पुगोस्, अप्ठ्यारोमा परेकालाई दिन पुगोस् भन्ने नाराका साथ मिर्गौला रोगबाट पिडित डण्डबहादुर जिसीलाई सहयोग गर्न परिवारले अपिल गरेका छन् ।

पर्वत फलेवास नगरपालिका वडा नं. १ कार्कीनेटा निवासी जिसी विगत ३/४ वर्षदेखी मिर्गौला रोगले ग्रसित भई उपचार गराउँदा धेरै धनराशी खर्च भई घरबार विहिन भए पछि सहयोगको याचना गरिएको हो । उनका एक श्रीमती, एक छोरा, एक छोरी रहेका छन् । आर्थिक स्थिति अत्यन्तै कमजोर भएका जिसीलाई सहयोग गर्न इच्छुक संघसंस्था, व्यक्तिहरूले उहाँकी श्रीमती रेजिना भण्डारी जिसीको नाममा रहेको मुक्तिनाथ विकास बैंक शाखा फलेवासको खाता नं. १३८२२३००७६६१०३०००००१ मा सहयोग गर्न सक्नु हुनेछ भने फोन नं. ९८६७६१५०५५ मा सम्पर्क गर्न सकिनेछ । जिसीको दुवै मिर्गौला प्रत्यारोपण गर्न करिब २० लाख लाग्ने भएपनि हालसम्म कार्कीनेटा पौडेल कुल पुजा समितिबाट ३१ हजार ८ सय ७५, पैयु गाउपालिकाबाट २० हजार, लक्ष्मी ठकुरी र मुना भुषालबाट १०/१० हजार, उज्ज्वल गुरुङ, यम हमाल, खड्गप्रसाद कार्की र तेज उच्चैबाट ५/५ हजार पाँच सय, सनम बेगम र राधिका वस्ताकोटाबाट ५/५ हजार लगाएतबाट १ लाख मात्र जम्मा भएको परिवारले जानकारी गराए ।

# नेपालको मौलिक परम्परा : एकमहिने स्वस्थानी व्रतकथा सुरु

**–पूर्णप्रसाद मिश्र**
**काठमाडौं, ३ माघ (रासस)**

वैदिक सनातन परम्पराअनुसार आफ्नो वरिपरिका देवीदेवतालाई पुज्न एकमहिने अवधिलाई विशेषरुपमा छुट्याइएको छ ।

पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको एकमहिने अवधिमा मुलुकका विभिन्न शक्तिपीठको पूजाआराधना गरिन्छ । ती स्थानमा सतीदेवीको अङ्ग पतन भएपछि देवीदेवताको बास रहेको विश्वासका आधारमा यो परम्परा सुरु भएको हो । आजदेखि वैदिक सनातनधर्मावलम्बीले घर घरमा विधिपूर्वक गरिने माघ स्नान, स्वस्थानी व्रत एवं कथावाचन सुरु गरेर देवीदेवताको पूजाआराधना सुरु गरेका छन् । वैदिक सनातन धर्मावलम्बी पनि विशेष गरी नेपालमा बसोबास गर्नेले नै यो पर्व मनाउँछन् । भारतलगायत अन्य देशका हिन्दू धर्मावलम्बीले कमैमात्र यो विधिबाट पूजाआराधना गर्छन् । यसैले यो नेपालकै मौलिक परम्पराका रुपमा रहेको छ । नेपालमा पनि धेरैजसो महिलाले यो व्रत गर्छन् । नेपालमा गरिने स्वस्थानी व्रतकथाका विषयमा विद्यावारिधि शोध गर्नुभएकी अमेरिकी नागरिक जेसिका भेन्तिन बिर्केनहोल्ज यो परम्परा दक्षिण एसियाकै अरु देशमा नभेटिएको बताउनुहुन्छ । जेसिका हालअमेरिकाकोहेलिनोयविश्वविद्यालयमा धर्म विषयको उपप्राध्यापकका रुपमा कार्यरत हुनुहुन्छ । वैदिक सभ्यताका विषयमा नेपालमै अध्ययन अनुसन्धान गर्ने थोरै पश्चिमा खोजकर्तामध्ये जेसिका पनि एक हुनुहुन्छ । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गरिन्छ । पौष शुक्ल चतुर्दशीको दिन हातगोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिए यसको सुरुआत हुन्छ । बिहान माघ स्नान गरी मध्याह्नकालमा महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ । कूल परम्पराअनुसार कथा वाचन भने कसैले बिहान त कसैले बेलुकी गर्छन् । एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दुर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाएका प्रसादमध्ये सबैबाट पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मित छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बहाउने व्रत विधि छ । सय रोटी वर्तालु आफैँले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा वर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ ।

सुवर्ण वर्णकी, त्रिनेत्र धारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनी स्कन्द पुराणमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र देवमणि भट्टराईले जानकारी दिनुभयो । "स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नील कमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरद मुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी पुराणमा उल्लेख गरिएको छ", उहाँले भन्नुभयो । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोगव्याधी लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छ्याएको भए प्राप्त हुने कथासमेत प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ । गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रत विधिअनुसार व्रतगर्दा पुत्रवियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व'ले जानकारी दिनुभयो ।

# शिक्षा मन्त्रालयको निर्णय कार्यान्वयन गर्न आग्रह

**पोखरापत्र संवाददाता**
**पर्वत, ३ माघ**

कोभिड–१९ को सङ्क्रमण बढेसँगै देशभरका विद्यालय बन्द गर्ने शिक्षा मन्त्रालयको निर्णय पर्वतमा पनि कार्यान्वयन गर्न शिक्षा विकास तथा समन्वय एकाई पर्वतले आग्रह गरेको छ ।

जिल्लाका अधिकांश क्षेत्रमा विद्यालय खुला गरेर स्वास्थ्यमापदण्ड बिनानै कक्षा सञ्चालन भइरहेपछि कार्यालयले पुनः ध्यानाकर्षण गराएको हो । कार्यालय प्रमुख उद्धिमराज पौडेलले आइतबार पत्र जारी गर्दै जिल्लाका सबै विद्यालयलाई माघ १५ गतेसम्म विद्यालय बन्द गरेर विद्यार्थीलाई सङ्क्रमणबाट जोगाउन ध्यानाकर्षण गराउनुभएको हो । आधारभूत तथा माध्यमिक विद्यालयको वार्षिक बिदामा मिलान हुने गरी पुस २७ गतेदेखि माघ १५ गतेसम्म बिदा दिने उक्त अवधिमा विद्यार्थी सिकाइका लागि आवश्यक सहजीकरण गर्न आग्रह गरिएको छ । बिदाको अवधिमा प्रअले स्थानीय स्वास्थ्यचौकीसँग समन्वय गरी १२ देखि १७ वर्षसम्मका बालबालिकालाई खोप लगाउन सहजीकरण गर्ने, १८ वर्ष भन्दा माथिका विद्यार्थी, शिक्षक, कर्मचारी, तथा अभिभावकलाई पूर्ण खोप लगाउन स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्न निर्देशन गरिएको छ । विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित परीक्षा जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना हुनेगरी जेड आकारमा बसाइँ व्यवस्थापन गरी सञ्चालन गर्ने, माघ ७ गतेदेखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैको खोप कार्ड अनिवार्य रुपमा साथमा राख्ने प्रबन्ध शिक्षण संस्थाले मिलाउन पनि निर्देशनमा उल्लेख छ ।

# पोखरेली शैक्षिक जागरण इतिहासको साक्षी 'अरण्यज्योति'

–वासुदेव पौडेल
गण्डकी, ३ माघ

'शिक्षा नपाए कि जानू काशी, कि जानू कास्की' भन्ने उखान जनजिब्रैमा झुण्डिएको छ। उखान जस्तै कास्की प्राचीनकालदेखि नै शिक्षाको केन्द्र जस्तै बनेको थियो। यकिन तिथिमिति थाहा नभए पनि १८-१९औँ शताब्दीतिर अन्नपूर्ण गाउँपालिका, पाउँदुरमा सञ्चालित पिँढी पाठशाला र विन्ध्यवासिनी क्षेत्रमा सञ्चालित पठनपाठनबाट यसले आफूलाई शिक्षाको केन्द्रका रुपमा स्थापना गरेको इतिहासका जानकार बताउँछन् ।

तत्कालीन समयमा पाउँदुरमा पौडेल थरका विद्वान्ले पिँढीमा राखेर पढाउने भएकै कारण त्यसबेला पिँढी पाठशाला भनिएको हो । उक्त समयमा विन्ध्यवासिनी आसपासमा पराजुली र रेग्मी थरका विद्वान्ले गुरु, शिष्य परम्परानुसार नै पठपाठन गराएको पाइन्छ । पोखरामा पढ्नकै लागि देशका विभिन्न स्थानबाट आउने क्रम बढेसँगै सो उखान चलेको हुन सक्ने बूढापाकाको तर्क छ।

पढ्ने-पढाउने क्रम थालिए पनि औपचारिक रुपमा विसं १९५८ मा देवशम्शेरका पालामा खोलिएको भाषा पाठशाला यहाँको पहिलो औपचारिक पाठशाला हो। तत्कालीन समयमा विन्ध्यवासिनी मन्दिर क्षेत्रमा सञ्चालित उक्त पाठशालापछि भीमकाली पाटनमा सारिएको थियो जुन अहिले संस्कृत माध्यमिक विद्यालयका रुपमा छ। यस अवधिमा संस्कृत शिक्षा नै पठनपाठनको मुख्य आधार बनेको थियो। भाषा पाठशालापछि पोखरामा आधुनिक शिक्षालाई लक्ष्य गरी २००६ सालमा पब्लिक मिडिल स्कुल स्थापना गरियो । शुरुमा नदीपुरस्थित नारायणस्थान, पौवामा स्थापित सो विद्यालय २००९ सालमा नेसनल हाइस्कुलका नाममा टुँडिखेलमा सारिएको थियो। सो विद्यालय स्थापना एवम् सञ्चालनपछि २०१३ सालमा रामघाटमा छुट्टै सोल्जर्स बोर्ड हाइस्कुल स्थापना भएको थियो । पिँढी पाठशालादेखि सुरु भएको यहाँको शैक्षिक विकासमा विभिन्न समयमा स्थापित पुस्तकालयले पनि विशेष योगदान पुऱ्याएका छन् । पोखरा महानगरपालिका वडा नं १३ कुँडहरमा छ दशकअघि समाजमा शिक्षाको ज्योति फैलाउने उद्देश्यका साथ स्थापित अरण्यज्योति पुस्तकालय यहाँको जीवन्त इतिहास हो। विसं २००९ अर्थात् नेपालमा १०४ वर्षीय निरङ्कुश राणाशासन अन्त्यपछिको सङ्क्रमणकालीन समयमा स्थापित यसले आफ्नै गौरवमय इतिहास बोकेको पुस्तकालयका सञ्चालक समितिका अध्यक्ष राजेन्द्र भण्डारीले बताउनुभयो।

"यस क्षेत्रको पहिलो अग्रणी पुस्तकालयका रुपमा स्थापित भई यसले चेतना विस्तार गर्ने अभियानमा नेतृत्वदायी भूमिका खेलेको छ", उहाँले भन्नुभयो, "आफ्नो गौरवमय इतिहासको निरन्तरताका साथै सामाजिक एकता, सहिष्णुता र भ्रातृत्वको भावना विकसित गरी सुन्दर समाज निर्माणको अभियानमा पुस्तकालय कटिबद्ध छ ।" स्थापनाको प्रारम्भदेखि नै विभिन्न आरोह-अवरोह पार गर्दै अघि बढेको पुस्तकालयलाई समयसापेक्ष रुपमा नयाँ ढङ्गबाट अघि बढाउन खोजिएको उहाँले बताउनुभयो । उहाँका अनुसार विश्व २१ औं शताब्दीमा प्रवेश गरिसकेकाे वर्तमान अवस्थामा नवीनतम आवश्यकतानुसार चुनौती र सम्भावनाका बीचबाट पुस्तकालयलाई केवल पुस्तक सङ्ग्रह गर्ने कक्षका रुपमा सीमित नराखी विचारको मन्थन गर्ने एउटा यज्ञस्थलका रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। पोखरा-१३ स्थित भद्रकाली मन्दिरबाट पूर्व र भद्रकाली माध्यमिक विद्यालयबाट दक्षिणतर्फ रहेको पुस्तकालय महानगरपालिकाद्वारा भोगाधिकारका लागि प्राप्त करिब पाँच रोपनी जग्गामा अवस्थित छ। विगतमा सामान्य एउटा कच्ची कोठाबाट सुरु भएको पुस्तकालय अहिले पक्की ढलानयुक्त भवनमा सञ्चालन भइरहेको छ।

यस क्षेत्रकै एउटा दरिलो इतिहास र सामाजिक चेतनाको केन्द्र जस्तै रहेका कारण यसको गरिमा र महत्वलाई जोगाउनुपर्ने स्थानीयवासी बताउँछन् । इतिहासको जगेर्नाका साथै समाज परिवर्तनको महत्वपूर्ण आधार सो पुस्तकालयलाई थप व्यवस्थित गर्दै कुँडहर र आसपासका क्षेत्रको शैक्षिक तथा सामाजिक पहिचानलाई कायमै राख्न सबैको सकारात्मक सहयोग अपरिहार्य भएको अध्यक्ष भण्डारीलेबताउनुभयो।पुस्तकालयसँगै परिसरमा बालबालिकाका लागि एक बगैँचा निमार्ण गर्नाका साथै मातहतमा रहेको जग्गा संरक्षण गरी यसको पहिचानलाई संरक्षण गर्नु अपरिहार्य देखिएको उहाँको भनाइ छ । पुस्तकालयलाई समयसापेक्ष व्यवस्थित गर्न एउटा सानो कच्ची कोठाबाट प्रारम्भ गरिएको भवनलाई परिमार्जन गरी नयाँ आधुनिक पक्की भवनमा सञ्चालन गरिएकामा अझै पनि धेरै पूर्वाधार विकासका काम आवश्यक देखिएको छ। पुस्तकालय सञ्चालन हुँदै गर्दा बीचका समयवधिमा पठन संस्कृति अभाव र त्यसप्रतिको बेवास्ताले कतै यसको महिमा र गरिमा त लोप हुने होइन भन्ने चिन्ता र चासोका बीच पुनः यसप्रतिको जागरण बढ्दै गएको छ। "२०६६ सालमा पुस्तकालय सञ्चालक समितिको जिम्मा लिँदै गर्दा मैले ८२ वटा पुस्तक र ४२ हजार नगद प्राप्त गरेको थिएँ", अध्यक्ष भण्डारीले भन्नुभयो, "त्यसयता पुस्तक सङ्कलन गर्दै जाँदा अहिले करिब छ हजार पुस्तक, १८ वटा कम्प्युटर, एक वटा ल्यापटप, एक वटा प्रोजेक्टर, इन्टरनेट आदि सुविधा उपलब्ध गराउन सकिएको छ ।" स्थानीय तहबाट यहाँको पुस्तकालयको विकासका लागि निरन्तर साथ र सहयोग प्राप्त भएको भण्डारीले बताउनुभयो । पछिल्ला समय पुस्तक लिने र दिने, आउने र जाने थलो मात्र नबनाई पठन संस्कृतिको विकासका लागि घुम्ती पुस्तकालय सञ्चालनसँगै विभिन्न कार्यक्रम अघि बढाइएको छ।

पुस्तकालयमा महिलाका लागि साक्षरता अभियान, बालबालिकाका लागि पठन कार्यक्रम, युवाका लागि उत्प्रेरणात्मक कार्यक्रम, ज्येष्ठ नागरिकका लागि शान्ति कार्यक्रम, गृहिणीका लागि प्रविधि साक्षरता तालिम र राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिको उपस्थितिमा गर्ने गरिएका विचार गोष्ठी प्रभावकारी बन्दै गएका छन् । पुस्तकालय परिसरमा रहेको सुन्दर हरियाली उद्यानले यहाँको शोभा बढाएको छ।

प्रा तारा बराल विसं २००७ को क्रान्तिपछि युवामा चेतना र जागरणका लागि यसले महत्वपूर्ण भूमिका खेलेको बताउनुहुन्छ । तत्कालीन समयमा जगन्नाथ सिग्देल, श्रीकान्त अधिकारी, श्रीभद्र खनाल, डिट्ठा श्रीप्रसाद घिमिरेलगायतको भौतिक तथा बौद्धिक सहयोगमा पुस्तकालय स्थापना भएको उहाँले जानकारी दिनुभयो । यसको स्थापनामा यस क्षेत्रका सिग्देल, ढेवाजु र चौधरी परिवारका युवाको विशेष साथ र सहयोग रहेको बताइएको छ।

अँध्यारोमा उज्यालो छर्ने महत्वपूर्ण माध्यमका रुपमा तत्कालीन समयमा नाम नै अरण्यज्योति राखिएको बताउँदै स्थानीय समाजसेवी शरदकान्त सिग्देल पछिल्ला समयमा अझै यसको प्रभाव र महत्व बढ्दै गएको धारणा राख्नुहुन्छ। समयको मागअनुसारविद्युतीयपुस्तकालयका रुपमा यसको विकास गर्नाका साथै आवश्यक भौतिक पूर्वाधार विकासका लागि पनि सबैको साथ र सहयोग अपरिहार्य रहेको उहाँले बताउनुभयो । व्यक्ति, परिवार र राष्ट्रको परिवर्तनको आधारशिला रहेको पुस्तकालयको विकास तथा परिवर्तनका लागि समाज र राष्ट्रको उदासीनता देखिनु गम्भीर चुनौतीका रुपमा खडा भएको यस क्षेत्रका अनुसन्धाता बताउँछन् । बदलिँदो प्रविधिको विकास र यसले पुस्तकालयमा पारेको प्रभावविरुद्ध प्रतिवाद गर्न नसकिएको वास्तविकतामा पाठकको रुचिअनुसारका पुस्तकको व्यवस्था नहुनु, राज्यले नियमित सहयोग उपलब्ध नगराउनु, कमजोर र साक्षरताविहीन आर्थिक अवस्थाका अभिभावक हुनु आदि चुनौतीका बीच पुस्तकालय घिस्रिरहनुलाई गम्भीर समस्याका रुपमा हेरिएको छ । अध्यक्ष भण्डारीका अनुसार अरण्यज्योतिको ऐतिहासिक महत्वसमेतलाई दृष्टिगत गरी समितिले पुस्तकालयको कार्यालय व्यवस्थापन गर्दै बिहान १० देखि ६:३० बजेसम्म पठनपाठनका व्यवस्था मिलाउने सोच बनाएको छ । हाल आंशिक रुपमा कर्मचारीको व्यवस्थापन गरी अपराह्न ४ देखि साँझ ६.३० बजेसम्म पुस्तकालय सञ्चालनमा ल्याइएको छ। विशेषगरी सेवानिवृत्त व्यक्तिसहित दैनिक २५ देखि ३० जनासम्म पुस्तकालयमा पुग्ने गरेका छन्। त्यस्तै यहाँ इ-लर्निङका कक्षा सञ्चालन, स्वदेशी तथा विदेशी पुस्तक तथा पत्रपत्रिका सङ्कलन, पुस्तकालयको सदस्यता वितरण अभियान, मासिकरूपमा रुपमा शैक्षिक तथा साहित्यिक कार्यक्रम सञ्चालन, बाल- वृद्ध - महिला - श्रव्यदृश्य कक्ष आदि निर्माण गर्ने सोच राखिएको छ। समितिले 'एक घर एक पुस्तक' अभियान सञ्चालन गर्ने, पठन संस्कृतिको विकासका लागि उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने आदि सोच पनि राखेको उहाँले बताउनुभयो।

नियमित पाठक एवम् सल्लाहकार सदस्य दीपक तामाङले पुस्तकालय पोखरा -१०, १२, १३ र १४ को वैचारिक थलोका रुपमा विकास भइरहेको बताउनुभयो।

विगतमा सुषुप्तावस्थामा सञ्चालन भरहेकामा वर्तमानमा भने समयसापेक्ष अघि बढाउन हालको समितिले क्रियाशीलता देखाइरहेको बताउँदै तामाङले बौद्धिक जागरणको अभियानलाई अघि बढाउन पनि यसले विशेष टेवा पुऱ्याएको बताउनुभयो। "हाम्रो वर्तमान समाज औपचारिक शिक्षाबाट मात्र निर्देशित छ", उहाँले भन्नुभयो, "बौद्धिक जागरणका साथै चेतनास्तर वृद्धिका लागि जनमानसमा पठन संस्कृति अपरिहार्य छ, त्यसका लागि पुस्तकालयमा पढ्ने संस्कृतिको विकास गरिनुपर्छ ।" सञ्चालक समितिका पूर्वाध्यक्ष किरणराज घिमिरे पुस्तकालयलाई यस क्षेत्रकै बौद्धिक बहस गर्ने थलोका रुपमा विकास गर्नु जरुरी रहेको बताउँदै यसका लागि आसपासका टोलबाट नियमित आउने गरी कार्यतालिका निर्माण गर्नुपर्ने औँल्याउनुहुन्छ । "पुस्तकालयमा आएर केवल किताबी ज्ञान लिने मात्र नभई समाज, सामाजिक परिवेश आदि सम्बन्धमा बहस-पैरवी गर्ने वातावरण निर्माण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "एकापसमा गरिने भेटघाट तथा गफगाफले सामाजिक वातावरण निर्माणका साथै बहुआयामिक फाइदा पुग्छ ।" पुस्तकालयले आसपासका ४१ वटै टोलमा पठन संस्कृतिको विकास गर्ने सोचका साथ घुम्ती पुस्तकालय सञ्चालन गर्ने अभियान पनि बढाएको छ।

# मृतकका परिवारलाई २५ हजार सहयोग

पोखरापत्र संवाददाता
वालिङ, ३ माघ

स्याङ्जाको वालिङ नगरपालिकाले कोभिड-१९ का कारण ज्यान गुमाएकाको परिवारलाई रु २५ हजार उपलब्ध गराएको छ।

नगरपालिकाले विशेष गरी मानवीय क्षतिप्रति राहत र काजकिरिया खर्चबापत केही रकम उपलब्ध गराउँदै आएको जनाएको छ। नगर प्रमुख दिलीपप्रताप खाँणले भन्नुभयो "कोभिड-१९ को महामारीका समयमा परिवारको सदस्य गुमाएर पीडामा परेका बेला अभिभावकका रुपमा रहेको नगरपालिकाको तर्फबाट तत्कालका लागि राहत र काजकिरियाका लागि रकम उपलब्ध गराउँछौँ।"

नगरपालिकाले बनाएको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ लाई आधार मानेर कार्यपालिका बैठकबाट निर्णय गरी राहतस्वरुप उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो । नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ अनुसार रकम वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिनुभयो । "चालु आर्थिक वर्षको सुरुआतबाट राहत र काजकिरियाका लागि रु २५ हजार उपलब्ध गराउन सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "गत पुसको १५ सम्ममा ४९ ले लगिसक्नुभएको छ भने अब प्रक्रियामा ६० भन्दा धेरै हुनुहुन्छ, अझै निवेदन आइरहेकाले सङ्ख्या बढ्ने देखिन्छ।" नगरपालिकाले गत पुस १५ सम्ममा ४९ जनालाई राहत र काजकिरियाबापत रु १२ लाख २५ हजार उपलब्ध गराइसकेको लेखा सहायक ईश्वरीप्रसाद तिवारीले बताउनुभयो। भुक्तानी दाबी गर्नका लागि कोभिड-१९ का कारण मृत्यु भएको अस्पतालले उपलब्ध गराएको प्रमाण, सम्बन्धित वडाको मृत्युदर्ताको प्रमाण तथा सिफारिससहित नगरपालिका कार्यालयमा निवेदन दिएपछि मृतकको परिवारभित्रको सदस्यलाई रकम उपलब्ध गराइने नगरपालिकाले जनाएको छ।

# घरेलुमा पर्यटन शाखा रहने

पोखरापत्र संवाददाता
बागलुङ, ३ माघ

गण्डकी प्रदेशका ११ वटै जिल्लामा रहेका घरेलु तथा साना उद्योग कार्यालयमा पर्यटन शाखा (एकाइ) रहने भएको छ।

बागलुङ पर्यटन विकास समितिका पदाधिकारीसँगको छलफलमा प्रदेश सरकारका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले सो को जानकारी दिनुभएको हो । उहाँले मन्त्रालयले सङ्गठन तथा कर्मचारी व्यवस्थापन (ओएनएम) स्वीकृतका लागि मन्त्रिपरिषद्मा पठाउने तयारी गरेको बताउनुभयो।

"आउँदो आर्थिक वर्षदेखि यो कार्यान्वयनमा जान्छ, अब पर्यटनको काम जिल्लाबाटै हुन्छ", उहाँले भन्नुभयो, "अधिकृत तहका कर्मचारी, इन्जिनियरलगायतको दरबन्दी शाखामा रहन्छ ।" त्यहीँबाट पर्यटन पूर्वाधारका योजनादेखि प्रवर्द्धनका काम सञ्चालन हुने मन्त्री कँडेलले बताउनुभयो।

यसअघि पर्यटन सम्बद्ध सङ्घसंस्थाले जिल्लामा अलग्गै पर्यटन कार्यालय खोल्न माग गर्दै आएका थिए । उहाँले छुट्टै कार्यालय आवश्यक नदेखिएकाले घरेलुमार्फत सेवा प्रवाह हुने गरी शाखा सञ्चालनमा ल्याउन लागिएको जानकारी दिनुभयो । जिल्लामा पर्यटन क्षेत्र हेर्ने सरकारी निकाय/संयन्त्र नहुँदा स-साना कामका लागि पनि प्रदेश राजधानी जानुपर्ने बाध्यता छ। पोखराबाट पर्यटन कार्यालय, पर्यटन बोर्डलगायतले सेवा दिइरहेका छन्। पर्यटनमा राज्यको लगानी बढेको र समृद्धिको आधार क्षेत्रका रुपमा पनि लिइए पनि सोही अनुसार सरकारी संरचना खडा हुन सकेको छैन।

यसका कारण विकास योजनाका काम प्रभावित बन्ने गरेका छन् । पर्यटनका सेवामा सबैको पहुँच छैन। मन्त्री कँडेलले सर्वसाधारणको हित हेरेर मन्त्रालयले प्रदेशका दुई ठाउँमा कम्पनी रजिष्ट्रारको कार्यालय पनि ल्याउन लागेको जानकारी दिनुभयो । उहाँका अनुसार छिट्टै कास्की र बागलुङमा त्यो कार्यालय सञ्चालनमा आउनेछ।

उहाँले विस्तारै चलायमान हुँदै गएको पर्यटन क्षेत्रमा कोरोनाको नयाँ भेरियन्टले पुनः त्रास थपेको हुँदा पर्यटन क्षेत्रको पुनःउत्थानका लागि सरकारले राहत र अनुदान सुविधा दिएको बताउनुभयो । "होटल व्यवसायीलाई बिनाब्याज तीन वर्षलाई रु १५ लाख ऋण दिइरहेका छौँ, तर सोच जसरी व्यवसायीले त्यो सुविधा लिन सक्नुभएको छैन", उहाँले भन्नुभयो।

# सार्वजनिक सेवा लिन खोप कार्ड अनिवार्य

रासस
दमौली, ३ माघ (रासस)

तनहुँका सरकारी कार्यालयमा सेवा लिन अनिवार्यरुपमा कोरोनाविरुद्धको खोप लगाएको कार्ड देखाउनुपर्ने भएको छ । जिल्ला प्रशासन कार्यालयले यही माघ ७ गतेदेखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य गर्ने जनाएको छ।

गृहमन्त्रालयको निर्णय अनुसार गत पुस २९ गते जारी आदेशबमोजिम कार्यालय, होटल, रेस्टुराँ, सिनेमा हल, रङ्गशाला, हवाईयात्रा, उद्यान) मा प्रवेश गर्दा अनिवार्य खोप कार्ड देखाउनुपर्ने सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार यस्ता सबै निकायले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था भएकाले खोप कार्ड साथमा लिई तोकिएका स्थानमा प्रवेश गर्न जिल्लावासीलाई अनुरोध गरिएको छ।

प्रशासनले कोभिड-१९ को सङ्क्रमणलाई दृष्टिगत गरी सोको रोकथाम तथा नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन सङ्कट व्यवस्थापन केन्द्रको सिफारिस एवं गृहमन्त्रालयको निर्णय, सङ्क्रामक रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी आदेश जारी गरेको छ । आदेशमा कोभिडको बढ्दो सङ्क्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिकस्थलमा निस्किदा सबैले मास्कको अनिवार्य प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, समय समयमा साबुनपानीले हात धुन आग्रह गरिएको छ। स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी निःशुल्क 'एन्टिजेन टेष्ट' परीक्षणको दायरा फराकिलो बनाई नियमित परीक्षण गर्ने, सार्वजनिक सवारी साधन स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु नराख्न, सबै यात्रुले अनिवार्यरुपमा मास्क लगाउन अनुरोध गरिएको छ । राजनीतिक, आर्थिक, सामाजिक, व्यावसायिक तथा अन्य गतिविधि सञ्चालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, नेपाल सरकारले तोकेका मापदण्ड पूर्णरुपमा पालना गर्न आदेशमा अनुरोध गरिएको छ।

२५ जनाभन्दा बढी मानिसको उपस्थित हुने गरी कुनै पनि किसिमको भेला तथा महोत्सव एवं सामाजिकलगायतका काम नगर्न, कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा शिक्षा, विज्ञान तथा मन्त्रालयको सूचनाबमोजिम माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन नगर्ने, नगराउने तथा पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाको हकमा स्वास्थ्य मापदण्डको पालना गरी जेड आकारमा राख्ने व्यवस्था मिलाउन पनिप्रशासनको आदेशमा उल्लेख छ।

कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने यससम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन हुने र अनुगमनका क्रममा यस देशको अवज्ञा भएको पाइएमा सङ्क्रामक रोग ऐन, २०२० अनुसार कारबाही हुने प्रशासनले चेतावनी दिएको छ।

# प्रधानमन्त्री कप क्रिकेट : पुलिस क्लबद्वारा प्रदेश १ पराजित

रासस
काठमाडौं, ४ माघ

प्रधानमन्त्री कप टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले प्रदेश नं १ लाई पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको समूह चरणको अन्तिम खेलमा पुलिस क्लबले प्रदेश १ लाई ६ विकेटले हराएको हो । पुलिसले जीतका लागि १०२ रनको लक्ष्य पाएको थियो । सो लक्ष्य पुलिसले १३ दशमलब एक ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । पुलिसका लागि कुशल भुर्तेलले सर्वाधिक ४४ रनको योगदान दिए। भुर्तेलले २८ बल खेल्दै तीन चौका र तीन छक्का प्रहार गरे। त्यसैगरी अनिल साहले २६ तथा दीपेन्द्रसिंह ऐरीले २० रन बनाए।

बलिङतर्फ प्रदेश १ का मनोज तामाङ, मुकुन्द यादव, फिर्दोस अन्सारी र दिपेश कँडेलले एक-एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको प्रदेश १ ले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १०१ रन बनाएको थियो। प्रदेश १ का लागि मिनास थापाले सर्वाधिक ५९ रनको योगदान दिए।


## सरस्वती मन्दिर निर्माण उपभोक्ता समिति
## श्री संस्कृत माध्यमिक विद्यालय
### पोखरा-१, भीमकालीपाटन

## सिलबन्दी बोलपत्र (कोटेशन) आह्वान गरिएको

प्रकाशित मिति : २०७८/१०/०४ गते

सामाजिक विकास कार्यालय कास्कीबाट यस विद्यालय परिसरमा निर्माणाधिन सरस्वती मन्दिरको लागि प्राप्त अनुदान कार्यान्वयनको लागि ४ थान ढोका खापा (आँखीझ्याल सहित) आवश्यक परेकोले सम्बन्धित निर्माण सामग्री आपुर्तिकर्ताबाट आफुले उपलब्ध गराउन सक्ने दररेट खुलाई ७ दिन भित्रमा विद्यालयमा आइपुग्ने गरी गोप्य सिलबन्दि बोलपत्र आह्वान गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**तपशील:**

**सिलबन्दी बोलपत्र आह्वान गरिएका निर्माण सामग्री विवरण**

सालको काठ प्रयोग गरी ६ फुट चौडाइ र ८ फुट उचाइको ४ वटा ढोकामा दायाँबायाँ र माथी तीनतर्फ आँखीझ्यालमा दायाँबायाँ १.२५ फुट र माथीको १.७५ फुट साथै ढोका खापा उचाई ६.३ फुट र चौडाई ३.६ को प्रत्येकमा भगवानको मुर्ति ३,३ वटाका दरले जम्मा २४ वटा रहने गरी हातले बुट्टा भर्ने र बढिमा १ महिना भित्रमा तयार गर्नुपर्ने। तयारी सामानको मोटाई १.२५ इन्च हुनुपर्नेछ।

**सम्पर्क: ०६१-५७०४३४, ९८४६१०३३९६**